# लेखापरीक्षण प्रतिवेदन

# महावु गाउँपालिका, दैलेख

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## महावु गाउँपालिका, दैलेख

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/102

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
महावु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
दैलेख।

**कैफियतसहितको राय**

हामीले महावु गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ९ करोड ५९ लाख ८२ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२७ लाख ४८ हजार, आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु.८ लाख १६ हजार र कर्णाली प्रदेश योजना आयोगको रु.३ लाख समेत रु. ९ करोड ९८ लाख ४६ हजार समावेश गरेको छैन ।

२.गाउँपालिकाको रु.१ अर्व १ करोड ५७ लाख ९१ हजारको लेखापरीक्षण गरिएकोमा रु. ३ करोड ३१ लाख ६७ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट रु. ११ लाख ८८ हजार फर्स्यौट भई बाँकी वेरुजु रु. ३ करोड १९ लाख ७९ हजार मध्ये असुल गर्नुपर्ने रु.१३ लाख ५९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ५४ लाख २३ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ९९ लाख ९७ हजार र पेस्की बाँकी रु. ५२ लाख रहेको छ।गत वर्षसम्म रु. १४ करोड ४९ लाख ३ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष रु. ६४ लाख १३ हजार फर्स्यौट भई हालसम्मको अद्यावधिक बेरुजू रु.१७ करोड ४ लाख ६९ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३.गाउँपालिकाको वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरुमा सम्पती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्धेश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु आर्थिक वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५५ | ३३ | ३,३१,६७,३२७ | ० | १२ | ११,८७,८३४ | ० | ५५ | २१ | ३,१९,७९,४९३ | १३,५८,९६३ | १,९९,९७,१४५ | ५४,२३,३८५ | ० | ० | २,५४,२०,५३० | ५२,००,००० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दैलेख | १४,४९,०३,००० | ० | ६४,१३,१७९ | १३,८४,८९,८२१ | ० | ३,१९,७९,४९३ | १७,०४,६९,३१४ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५० | विल भरपाइ भन्दा वढी भुक्तानी | २९,१४५ |
| २ | २०८०/८१ | ५८ | ल्याप टप खरिद | ३,००,००० |
| ३ | २०८०/८१ | ३० | बढी स्थानीय भत्ताः | १०,९२० |
| ४ | २०८०/८१ | ६१ | नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन | २,०६,९०० |
| ५ | २०८०/८१ | ४७ | झोलुङ्गे पुल निर्माण | ५,११,७७४ |
| ६ | २०८०/८१ | ३६ | छात्रवृति बढी भुक्तानीः | ९,२०० |
| ७ | २०८०/८१ | ४१ | गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम मेड्पा तर्फः | ४५,२६० |
| ८ | २०८०/८१ | २१.४ | कर तथा शुल्क असुली | ५५,००० |
| ९ | २०८०/८१ | ५४ | औषधि ढुवानी | १९,६३५ |

| | | | | |
|---|---|---|---|---|
| १० | २०७९/८० | विभिन्न | वडा नं ५ वडा कार्यालय भवन निर्माणः | ५९,०५५ |
| ११ | २०७९/८० | विभिन्न | उपभोक्ता समितिलाई बढी भुक्तानीः | १,८३,३८४ |
| १२ | २०७८/७९ | विभिन्न | स्थानीय तथा मंहगि भत्ताः | १,२९,६०० |
| १३ | २०७८/७९ | विभिन्न | रितपूर्वकको कर विजकः | १,१४,३६९ |
| १४ | २०७८/७९ | विभिन्न | महाबैगाथ मन्दिरः | १,८०,००० |
| १५ | २०७८/७९ | विभिन्न | बहुक्षेत्रिय पोषण कार्यक्रमः | ५६,००० |
| १६ | २०७७/७८ | विभिन्न | विविध पक्ष | ९,२०० |
| १७ | २०७७/७८ | विभिन्न | पदाधिकारी सुविधा | ९४,०३४ |
| १८ | २०७७/७८ | विभिन्न | खरिद व्यवस्थापन | १,००,००० |
| १९ | २०७६।७७ | २३ | पदाधिकारी बढी भुक्तानी | ३,४२,५०० |
| २० | २०७६।७७ | ५७ | विद्यालयको निकासा फारम पेश भएकोले | १२,१९,६९४ |
| २१ | २०७६।७७ | ७९ | यातायात खर्चमा बढी भुक्तानी | ५,४०० |
| २२ | २०७५।७६ | २७ | अग्रिम कर कट्टी नगरेको | २४,००० |
| २३ | २०७५।७६ | २७ | कार्यक्रमको प्रतिवेदन पेश भएको | ६०,००० |
| २४ | २०७५।७६ | ७१ | आन्तरिक आय असुली भएको | १,७४,९०० |
| २५ | २०७५।७६ | ८५ | नियमित भई आएको | २३,७३,९३९ |
| २६ | २०७५।७६ | ९६ | नियमित भई आएको | १०,४२,८४३ |
| २७ | २०७४।७५ | ३३ | अनुपातिक कट्टी असुली भई आएको | ४२,७८१ |
| २८ | २०७४।७५ | ३८ | बढी भुक्तानी | २,०१,४८० |
| जम्मा | | | | ७६,०१,०१३ |

# (८०६६७५०७३०० - महावु गाउँपालिका, दैलेख )

# परिचय

१ .

**(क) कार्यालय परिचय :-**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्वेश्यले यस महाबु गाउँपालिकाको कार्यालयको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु महाबु गाउँपालिकाको उद्वेश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा ११०.८० वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ५९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।६ देखि २०८१ ।८।८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. १,०१,५७,९१,४४१।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४२, ००० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | एम्वुलेन्सको राजस्व दाखिला गर्न बाँकी रकम | २१५०० |
| २ | बढी भुक्तानी (लघु उद्यम कार्यक्रमतर्फ) ९३०० | ९३०० |
| ३ | सुचना प्रकाशनमा बढी भुक्तानी | ११२०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) देहायबमोजिम छ।

| **प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)** | | | |
|---|---|---|---|
| **क.स./ सङ्केत** | **विवरण** | **चालु आ.व.को कारोवार** | **गत आ.व.को कारोवार** |
| | **राजस्व, अनुदान र अन्य प्राप्ति** | | |
| ११००० | कर | ४७२३१२३६ | ४६४५३१५२ |
| १३००० | अनुदान | ३००६२५०६१ | ३४४२८५८३२ |
| १४००० | अन्य राजस्व | ४८६१३०० | ५९९४३४५ |
| १५००० | विविध प्राप्ति | २००४६३ | ० |
| **क** | **कुल जम्मा प्राप्ति** | **३५२९१८०६०** | **३९६७३३३२९** |
| ३ | चालु | २६३५६३७५० | २६४९०५००३ |
| २१००० | पारिश्रमिक / सुविधा | १४५४४७६९१ | १४७०७९२६५ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ६८०३६३१९ | ९४६०९२०३ |
| २५००० | सहायता (Subsidy) | ४३१४२२९५ | १९२१३२७७ |
| २७००० | सामाजिक सुरक्षा | ५३१७४४५ | २१५८१९० |
| २८००० | अन्य खर्च | १६२०००० | १८४५०६९ |
| ४ | पूंजीगत | ११३२५९५४८ | १२७१९७८५५ |
| ३१११० | भवन तथा संरचना | ४२४६६८७ | २०४९३५४२ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ५६१०८१७ | ५४५२१५३ |
| ३११३० | अन्य पूँजीगत खर्च | २५४६४२७ | ९७७१२८४ |
| ३११५० | सार्वजनिक निर्माण | ९६७०५६१७ | ९०८३०८७६ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ० | ३००००० |
| ३११७० | पूँजीगत सुधार खर्च | ४१५०००० | ३५०००० |
| **ख)** | **कुल जम्मा भुक्तानी** | **३७६८२३२९८** | **३९२१०२८५८** |
| ग) | **बचत /कमी (ग = क-ख )** | -२३९०५२३८ | ४६३०४७१ |
| घ) | **धरौटी लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | १९३५२६६ | १६९४६९५ |
| घ.१) | **कट्टी रकम दाखिला गर्न बाकी** | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ)** | -२१९६९९७२ | ६३२५१६६ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ४४८१०२९० | ३८४८५१२४ |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च)** | **२२८४०३१८** | **४४८१०२९०** |

२.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाको प्राप्ती र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदनमा संघ र प्रदेशवाट प्राप्त निम्नानुसारको आम्दानी र खर्च समावेश भएको देखिएन । जसले गर्दा सुत्र प्रणालीबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **शिर्षकको नाम** | **बजेट** | **निकासा खर्च** |
|---|---|---|
| **कोष तथा लेखा नियनत्रक कार्यालयबाट प्राप्त** | | |
| सामाजिक सुरक्षा तथा संरक्षण | ९९२२५८४० | ९५९८२३०३ |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ४१७००००० | २७४७९८२ |
| **जम्मा** | **१०३३९५८४०** | **९८७३०२८५** |
| **प्रदेश लेखा ईकाइ कार्यालबाट प्राप्त** | | |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | ८६४००० | ८१६००० |
| कर्णाली प्रदेश योजना आयोग | ३००००० | २९९९५५ |
| **जम्मा** | **११६४०००** | **१११५९५५** |
| **कूल जम्मा** | **१०४५५९८४०** | **९९८४६२४०** |

२.२ **अन्य कोषतर्फ :** पालिकाको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा धरौटी, प्रकोप व्यवस्थान कोष र विविध खर्च खाता तर्फको आम्दानी रु. १,२५,३५,९८८.८१ र खर्च रु. १,०६,००,७२३.१९ समावेश भएको छैन । पालिकाले धरौटी, विविध खर्च र अन्य कोषतर्फको आम्दानी र खर्च समेतलाई समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक जिम्मेवारी :** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । पालिकाको गत बर्षको लेखापरीक्षणको अन्तिम प्रतिवेदन अनुसार अन्तिम मौज्दात रु. ६,९४,५९,८५६।- रहेकोमा प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार यो वर्षको शुरु मौज्दात रु. ४,४८,१०,२९०।- मात्र जिम्मेवारी सारेको देखिएकोले रु. २,४६,४९,५६६।- घटी जिम्मेवारी सारेको देखिन्छ । त्यस्तै पालिकाले पेश गरेको एकिकृत आय व्ययमा रु. १,८८,३०,२४३।- मात्र गत बर्षको जिम्मेवारी सारेको र उक्त जिम्मेवारी बैंक मौज्दात बमोजिम भएको पालिकाले जनाएको छ । पालिकाले गत वर्षको मौज्दात घटी सारेको सम्वन्धमा एकिन गरी हिसाव मिलान गर्नुपर्दछ ।

२.४ **फरक हिसाव :** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी, यस वर्षको प्राप्ति, यस वर्षको भुक्तानी र बाँकी मौज्दात फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | बाँकी मौज्दात |
|---|---|---|---|---|
| एकिकृत आय व्यय विवरण अनुसार | १८८३०२४३ | ५०९९९८३२९ | ५०५७९३११२ | २३०३५४६० |
| सुत्रको विवरण (म.ले.प.फा.नं. २७०) अनुसार | ४४८१०२९० | ३५२९१८०६० | ३७६८२३२९८ | २२८४०३१८ |
| **फरक** | **२५९८००४७** | **१५७०८०२६९** | **१२८९६९८१४** | **१९५१४२** |

३ **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम पालिकाले मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा पालिकाले वार्षिक रुपमा मात्र हिसाब मिलान गरेको देखिन्छ । पालिकाले पेश गरेको स्रेस्ता र वैंक वीच देहाय अनुसारको रु.१,९५,०५३।- फरक परेकोले उक्त फरक रकमको हिसाव मिलान गर्नुपर्दछ साथै मासिक रुपमा प्रत्येक खाताको बैङ्क हिसाब मिलान गर्ने तर्फ ध्यान जानुपर्दछ।

| खाता | स्रेस्ता अनुसारको मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसारको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| आन्तरिक राजस्व खाता | १४४५४० | ० | १४४५४० |
| विविध खर्च खाता | २२२९०७७ | २२२९०७७ | ० |
| स्थानीय तह धरौटी खाता | ३८६३८४५ | ३८६३८४५ | ० |
| स्थानीय तह सञ्चित कोष खाता | १४९१८८४२ | १५२५१९३५ | (३३३०९३) |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १६८४१०२ | १६९०६०२ | (६५००) |
| **जम्मा** | **२२८४०४०६** | **२३०३५४५९** | **(१९५०५३)** |

४ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय तथा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार खर्च नभई बाँकी रहेको संघ तर्फको रु.१,६७,३५,५५६.७७ र प्रदेशतर्फको रु. १७,८७,२९४.५७ समेत जम्मा रु. १,८५,२२,८५१.३४ संघीय र प्रदेश संचितकोषमा फिर्ता पठाएको देखिन्छ ।

५ **बजेट पेश पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा रु. ४५ करोड १८ लाख ७६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२८ मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले मिति २०८०।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६ **खर्च बिश्लेषणः**

पालिकाले यसबर्ष आन्तरिक आयबाट रु. ६४ लाख ४५ हजार, राजस्व बाँडफाँटबाट रु. ७ करोड १५ लाख ५१ हजार र अनुदानबाट रु. ३० करोड ६ लाख २५ हजार समेत रु. ३७ करोड ८६ लाख २१ हजार आम्दानी भएकोमा गत वर्षको मौज्दात समेतबाट चालु तर्फ रु. २६ करोड ३५ लाख ६४ हजार र पूँजिगत तर्फ रु. ११ करोड ३२ लाख ५९ समेत कुल रु. ३७ करोड ६८ लाख २३ हजार

खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.७१ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. ७१ लाख ८४ हजार खर्च भएको छ जुन आन्तरिक आयको ११ प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६९.९९ प्रतिशत चालु र ३०.०१प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

७ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत बार्षिक वजेटको अधिनमा रही कुनै शिर्षकबाट पूँजिगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्ने सक्ने व्यवस्था छ । पालिकाको सुत्र प्रणालीबाट प्राप्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमा कार्यपालिकाको निर्णय अनुसार ४१ शिर्षकमा रु. १ करोड ६ लाख ९८ हजार बजेट घटाई ६२ शिर्षकमा रु. १ करोड १८ लाख ५८ हजार वजेट बढाएको देखिन्छ । कार्यपालिकाको पटक पटकको निर्णय अनुसार सभाले पारित गरेको कार्यक्रम नगरी रकमान्तर गर्ने, श्रोतान्तर गर्ने, योजना परिवर्तन गर्ने तथा योजनामा छुट्याईएको रकम सम्बन्धित योजना कार्यान्वियन नगरी सोही योजनाको नामबाट बजेट खर्च लेखि अन्य योजना तथा कार्यक्रम गर्ने गरेको देखियो । सभाले स्वीकृत गरेको कार्यक्रम परिवर्तन गर्ने पटके निर्णयवाट रकमान्तर र श्रोतान्तर गर्ने तथा एक योजनामा छुट्टयाईएको बजेट सोही योजनाको नामवाट बजेट खर्च लेखि अन्य योजना कार्यान्वियन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

८ **अवण्डा वजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार खर्च शिर्षकमा रु. ३२,५०,०००।- अबण्डा बजेट व्यवस्था गरी कार्यपालिकाको बिभिन्न मितिको निर्णयबाट खर्च गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| **क्र.सं.** | **कार्यक्रमको नाम** | **बजेट रकम** |
|---|---|---|
| १ | अध्यक्ष रोजगार कार्यक्रम | २५०००० |
| २ | मर्मत संभार कोष | ३०००००० |
| **जम्मा** | | **३२५००००** |

९ **योजनाको प्राथमिकीरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी, दीगो विकास र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार कुल १७५ योजनामा वजेट विनियोजन गरेको छ।

| **जम्मा योजना सङ्ख्या** | **रु. २० लाखमाथिका** | **रु. ५ लाख देखि २० लाख सम्म** | **रु. ५ लाख भन्दा कम** |
|---|---|---|---|
| १७५ | ७ | २४ | १४४ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१० **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन। अत: बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

११ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १८७५५००० | १६८३०५०६ | ८९.७४ |
| २ | सामाजिक विकास | २०६७५५७४७ | १७४५४३०९८ | ८४.४२ |
| ३ | पूर्वाधार विकास | ८७९८७७४२ | ६४२४५१०७ | ७३.०२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७३१२४०० | ५९६४५३५ | ८१.५६ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १३०१०२५३६ | ११५२४००४९ | ८८.५८ |
| **जम्मा** | | **४५०९१३४२५** | **३७६८२३२९७** | **८३.५६** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये आर्थिक विकासको क्षेत्रमा सबैभन्दा बढी ८९.७४ प्रतिशत र सबै भन्दा कम पुर्वाधार विकास क्षेत्रमा ७३.०२ प्रतिशत खर्च भएको छ। पालिकाले अन्य क्षेत्र भन्दा पुर्वाधार विकासको क्षेत्रमा बढी बजेट विनियोजन गरी खर्च गर्ने व्यबस्था गर्नुपर्दछ।

१२ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च (हजारमा)** | | | | **असार महिना** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पूँजिगत खर्चतर्फ | ११३२५९ | ८३६० | २२६७ | ३४६२० | ६८०१२ | ४६६७५ |
| प्रतिशत | १०० | ७.३८ | २.०१ | ३०.५६ | ६०.०५ | ४१.२१ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौथो त्रैमासिकमा कुल पुँजिगत खर्चको ६०.०५ प्रतिशत र असार महिनामा मात्र ४१.२१ प्रतिशत खर्च भएको देखिन्छ ।पालिकाले अन्तिम त्रैमासिक अर्थात आर्थिक बर्षको अन्तमा मात्र पुँजिगत खर्च गर्ने परिपाटीलाई नियन्त्रण गर्नुपर्दछ ।

१३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो माथी विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाले उद्देश्य प्राप्तिमा आईपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेखराखेको छैन।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन र भ्रमण अभिलेख खाता पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले भ्रमण तथा अनुगमन वापत रु. २१ लाख ५३ हजार खर्च लेखेकोमा कतिपय भुक्तानीमा अनुगमन प्रतिवेदन पेश गरेको छैन साथै भ्रमण उपलब्धिको मूल्याङ्कन समेत गरेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. १३ लाख ६६ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भर्पाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्रीको मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन ।
- पालिकाले एउटै मोटरसाइकल मर्मतमा रु. १,२३,५२७।– खर्च गरेकोले मर्मत खर्चमा नियन्त्रण गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## १४ **सेवाप्रवाहको स्थिति**

पालिकाबाट प्राप्त सेवा प्रवाहको विवरण अनुसार यो वर्ष जन्म दर्ता ८९० वटा, मृत्यु दर्ता ४९३ वटा, बसाइँसराइ ३४३ वटा, विवाह दर्ता ३६९ वटा र सम्बन्ध विच्छेद १० वटा दर्ता गरेको देखिन्छ । पालिकाले सूचना प्रविधिको उच्चत्तम प्रयोग गरी सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउनु पर्दछ ।

## १५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य

श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१६ **सार्वजनिक सम्पत्तिको रेखदेख**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

१७ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१८ **ऐनको कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा पालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८ (५) मा पालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले कतिपय कार्यक्रम सभाबाट स्वीकृत भन्दा कार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।पालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट सभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन।पालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।

१९ **कानून निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । पालिका वाट प्राप्त विवरण अनुसार हाल सम्म ऐन २५, नियम ५, निर्देशिका ४ र कार्यविधि ३८ समेत ७२ कानून निर्माण गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनको परिधिभित्र रही पालिकाले निर्माण भएका कानुन प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।

२० **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीयतहमा एक न्यायिक समिति गठन हुने व्यवस्था छ । त्यस्तै दफा ५३ मा त्यसरी गठन भएको न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार न्यायिक समितिमा ५ वटा लेनदेन सम्वन्धी मुद्दा दर्ता भएकोमा ३ मुद्दा फर्छयौट भई २ मुद्दा फर्छयौट हुन बाँकी रहेको देखिन्छ । पालिकाले बाँकी मुद्दा समयमै फछर्यौट गर्नुपर्दछ ।

२१ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा विभिन्न कर तथा शुल्क उठाउने व्यवस्था रहेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

२१.१

**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाबाट प्राप्त सुत्रको राजस्व आम्दानीको विवरण अनुसार यस वर्ष बिभिन्न शिर्षकमा गरेको आयको अनुमान र असूलीको अवस्था निम्नानुसार छ ।

| आय शिर्षक संख्या | अनुमान | असुली |
|---|---|---|
| ३१ | ६३०११६१ | ६४४५७११ |

पालिकाको सुत्रको आन्तरिक राजस्वको आम्दानीको प्रतिवेदन अनुसार यस बर्ष अनुमान गरेको आय भन्दा बढी आय प्राप्त भएको देखिएता पनि विभिन्न शिर्षकगत आय अनुमान नगरी अन्य राजस्व भनि एकमुष्ठ आय अनुमान गरेको देखियो । जस अनुसार पालिकाले गरेको आय अनुमान यथार्थ परक छ भन्न सक्ने अवस्था देखिएन । पालिकाले आयको शिर्षकगत यथार्थ परक अनुमान गरी आन्तरिक आय बढाउनेतर्फ ध्यान दिनुपर्दछ ।

२१.२ **राजस्व आम्दानीको लेखा** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा राजस्व आम्दानी गर्ने प्रत्येक सार्वजनिक निकायले करदातावाट बैंकमा जम्मा हुन आएको बैंक भौचर र नगद प्राप्त भएको आम्दानी रकमको विवरण छुट्टा छट्टै खातामा प्रविष्टी गरी महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा लेखा राख्नु पर्ने उल्लेख छ । त्यस्तै नियमावलीको नियम ५९ मा कार्यालयले नियम ५८ बमोजिम राजस्वको आम्दानी जनाउदा जुनसूकै माध्यमवाट प्राप्त भएतापनी त्यस्तो राजस्व आम्दानी र दाखिला गरी गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अद्यावधिक गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालय र पालिकावाट नगद र वैंक मार्फत राजस्व प्राप्त गर्ने गरेकोमा ऐन नियममा भएको व्यवस्था बमोजिम सेवाग्राहिले बैक दाखिला गरेको रकमको बैंक भौचर र सेवा ग्राहिबाट नगद प्राप्त गरेको रकम बैंक दाखिला गरेको बैंक भौचर गोश्वरा भौचरसाथ संलग्न गरी राख्नु पर्नेमा गोश्वरा भौचर तयारी गरी गोश्वरा भौचर सवै साथ दाखिला भौचर संलग्न गरी राखेको देखिएन । जसबाट पालिकाले प्राप्त गरेको सम्पुर्ण राजस्व रकम दाखिला भए नभएको, प्राप्त हुनुपर्ने राजस्व प्राप्त भए नभएको र पालिकाले आम्दानी देखाएको राजस्व रकम के वापत कसले बुझाएको हो भनेर एकिन गर्न सकिने अवस्था देखिएन । अत पालिकाले जुनसूकै माध्यमवाट प्राप्त भएको राजस्व आम्दानी र दाखिलाको गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्वको लेखा अद्यावधिक गर्नुपर्दछ ।

२१.३ **रसिद नियन्त्रण खाता** : पालिकाले राजस्व आम्दानीको लागि महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राजस्व आम्दानीको लागि प्रयोग गरिने नगदि रसिद नियन्त्रण खाता (म.ले.प.फा.नं. ९०४) तयार गरेको देखिएन । पालिकाले रसिद नियन्त्रण खाता तयार नगरेका कारण गत वर्षको नगदि रसिदको ठेली, यस बर्षको खरिद गरेको ठेलीको आम्दानी खर्च र बाँकी ठेलीको संख्या एकिन गर्न सकिएन । पालिकाले रसिद ठेलीहरुको आम्दानी खर्च र बाँकीको विवरण स्पष्ट देखिने गरी रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ ।

२१.४

राजस्व घटी दाखिला

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **५५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२२ **ईन्धन खर्चः**

कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्बन गरी खर्च गर्नुपर्दछ। कार्यालयले यस वर्ष कार्यालय प्रयोजनका लागि रु.३०,३३,६५२।- र पदाधिकारीको प्रयोजनका लागि रु.६,४६,२५५।- गरी कुल रु. ३६,७९,९०७।- ईन्धनमा खर्च गरेको पाईयो।कार्यालयले उक्त खर्च लेख्दा कुन कुन गाडीको लागि कति ईन्धन उपलब्ध गराएको, कुन प्रयोजनको लागि प्रयोग भएको सवारीसाधनलाई ईन्धन उपलव्ध गराएको हो सोको सम्पूर्ण विवरण खुल्ने लगबुक लगायतका विवरण

आंशिक रुपमा मात्र खुलाएर अभिलेख राखेकोले खर्चको सदुपयोग कार्यालयको कार्यमामात्र भएको भन्ने अवस्था देखिदैन। पालिकाले ईन्धन खर्चको व्यवस्थित अभिलेख राखी खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।

२३ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले यस वर्ष विविध खर्चतर्फ मात्र रु. १३,६६,२०६।- खर्च गरेको छ। पालिकाले विविध खर्चको मापदण्ड तयार गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२४ **करार कर्मचारीको महंगी भत्ताः**

नेपाल सरकारको अर्थमन्त्रालयको मिति २०७९।१।२१ को परिपत्र अनुसार करारको कर्मचारीलाई महंगी भत्ता पाउने व्यवस्था छैन,त्यस्तै करारका कर्मचारीलाई स्थानीय भत्ता सम्बन्धि कुनै व्यवस्था छैन तर पालिकालेले मेडिकल अधिकृत श्री आकाश कार्कीलाई निम्नानुसार महंगी भत्ता र स्थानीय भत्ता समेत रु.१,०१,७००।- भुक्तानी गरेको देखियो । परिपत्र विपरित करारका कर्मचारीलाई भुक्तानी भएको भत्ता रकममा कर कट्टी भएको रकम घटाइ बाँकी रकम असुल गर्नुपर्ने रु.

| विवरण | महंगी भत्ता रकम | स्थानीय भत्ता |
|---|---|---|
| चालु आर्थिक बर्षको (श्रावण देखि पौष) | १२००० | ५५८०० |
| गत बर्षको बैशाख,जेष्ठ र असार महिना | ६००० | २७९०० |
| **जम्मा** | **१८०००** | **८३७००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०१,७०० |

२५ **गत वर्षको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकी रकम समावेश नगरी मेडिकल अधिकृत आकाश कार्कीलाई आ.व.२०७९।८० को वैशाख,जेष्ठ र असारको तलब भत्ता र प्रोत्साहन भत्ता रु.४,२०,०००।- भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,२०,००० |

२६ **सामाजिक सुरक्षा वितरण भत्ताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा सरकारी रकम खर्च लेख्नु अघि संलग्न कागजात अनुसार त्यस्तो रकम भुक्तानी दिन रित पुगे नपुगेको एकिन गर्नुपर्ने उल्लेख छ । पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा खटिएका व्यक्तिलाई प्रति दिन रु १००० को दरले निम्नानुसार भत्ता रकम भुक्तानी दिएको छ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यको लागि छुट्टै भत्ता दिन पाउने व्यवस्था नभएकोले भुक्तानी भएको भत्ता रकममा कर कट्टी रकम घटाइ बाँकी रकम असुल गर्रुनुपर्ने रु.

| गो.भौ.नं।मिति | विवरण | भुक्तानी | भुक्तानी (करकट्टीपछि) |
|---|---|---|---|
| ११८।०८०।७।२३ | सामाजिक सुरक्षा भत्ता वितरण गर्न १३ जनालाई रु.१००० का दरले १२ दिन सम्म भुक्तानी | १२३००० | १०४५५० |
| २९६।०८०।११।४ | सामाजिक सुरक्षा भत्ता वितरण गर्न ११ जनालाई रु.१००० का दरले १२ दिन सम्म भुक्तानी | १०८००० | ९१८०० |
| जम्मा | | | १९६३५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९६,३५० |

२७ **पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाउँ सभा र नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७७ जारी गरेको छ।उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाउँपालिकाबाट आ.व. २०८०/८१ मा रु.७१,८४,१९५।- पदाधिकारी सुविधामा खर्च भएको छ।

२८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३६ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २१ जना पदपूर्ती भएको देखिन्छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, प्रशासन सहायक, महिला विकाश सहायकस्तर सहितका १५ पदहरु रिक्त रहेका छन्। रिक्त पदहरु पदपुर्ती हुनुपर्दछ।

२९ **करार कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक निम्नानुसार पदमा कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी तलव भत्ता भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| **पद** | **नियुक्ति संख्या** | **तलब भत्ता रु.** |
|---|---|---|
| मेडिकल अधिकृत | १ | १६४१२३७ |
| सव.ईन्जिनियर | १ | ४६११३९ |
| अ.सव.ईन्जिनियर | ३ | १३१३१७८ |
| सहायक कम्प्युटर अपरेटर | ३ | ९५७७२६ |
| सामाजिक परिचालक | २ | ६५०००० |
| सहायक चौथो | ६ | २२५६३१८ |
| स्वास्थ्य सहायक चौथो | २९ | ८०२०७७९ |
| **जम्मा** | | **१५३००३७७** |

| | |
|---|---|
| अनियमित भएको | १,५३,००,३७७ |

३० **बढी स्थानीय भत्ताः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रु **१०,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३१ **फरक शिर्षक खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२)(क) मा स्वीकृत वजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी रहेको छ भने त्यस्तो खर्च गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष निम्न शिर्षकबाट खर्च गर्नुपर्नेमा फरक शिर्षकमा खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं.।मिति | भुक्तानी पाउने | खर्च हुनुपर्ने शिर्षक | खर्च भएको शिर्षक | रकम |
|---|---|---|---|---|
| १०६।०८०।७।२१ | महाबु डिजेल, पेट्रौल अर्डर एण्ड सप्लायर्स | ईन्धन खर्च | वडास्तरमै सामाजिक सुरक्षा भत्ता | ४४४९३ |
| १९०।०८०।९।२५ | ना.प्रा.स बल बहादुर विष्ट | माटो परीक्षण शिविर संचालन | सेवा परामर्श खर्च | ५०००० |
| ३१४।०८०।११।२० | महाबु डिजेल,पेट्रौल अर्डर एण्ड सप्लायर्स | ईन्धन खर्च | वडास्तरमै सामाजिक सुरक्षा भत्ता | २४२३८ |
| विभिन्न | वडा नं१ देखि ६ सम्मबा वडा सचिव | विविध खर्च | अन्य कार्यालय खर्च | ४६२००० |
| **जम्मा** | | | | **५८०७३१** |

| | |
|---|---|
| अनियमित भएको | ५,८०,७३१ |

## ३२ सामाजिक सुरक्षा भत्तातर्फ

३२.१ **लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १०(२) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाई सरेका तथा अन्य कुनै पनि कारणले भत्ता नपाउने लाभग्राहीको लगत कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो घटनाको सम्बन्धमा आवश्यक पहलकदमि नगरेको हुँदा त्यस्ता व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन । पालिकाले लाभग्राहिको अभिलेखलाई अद्यावधिक गरी राख्नुपर्दछ ।

३२.२ **पारदर्शिता कायम :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(२) बमोजिम स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र उपदफा ३ बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धीत स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले लाभग्राहीको नामावली सार्वजनिक गर्नुको साथै वेवसाइटमा प्रकाशन गरेको देखिएन । पालिकाले कार्यविधिमा भएको व्यवस्था बमोजिम लाभग्राहिको नामावली सार्वजनिक गर्नुपर्दछ ।

३२.३ **सार्वजनिक सुनुवाई र अनुगमन :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । पालिकाले सामाजिक सुरक्षा सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउनु पर्दछ । साथै सार्वजनिक सुनुवाई गरी लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

## ३३ शैक्षिक अनुदान शिक्षकः

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक शत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ।तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगत देखी नै अन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकको तबल राजस्व वाँडफाँडबाट रु. १,५९,४१,०९८।- तलब भत्ता भुक्तानी गरेको देखिन्छ।पालिकाले विद्यालयका विद्यार्थी र शिक्षकको अनुपातको विश्लेषण गरी आवश्यकताको आधारमा मात्र शिक्षक नियुक्ति गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।.

३४ **IEMIS को तथ्याङ्क**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित आर्थिक बर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई दिवाखाजा छात्रवृति एवम् पाठ्यपुस्तक, लगायतका शिर्षकमा निकासा गर्नुपर्ने उल्लेख छ। पालिकाले अनुगमन गरी वास्तविक विद्यार्थी संख्याको आधारमा IEMIS मा तथ्याकं अद्यावधिक गरी सोही आधारमा निकासा गर्नु पर्नेमा आंशिक रुपमा मात्र तथ्याङ्क भिडान गरेको पाइयो । पालिकाले निकासा गरेको छात्रवृति, दिवा खाजा, पाठ्यपुस्तक, बुक कर्नर, विद्यालय संचालन तथा व्यवस्थापन र अन्य व्यवस्थापन लगायतको विद्यार्थी संख्याको आधारमा निकासा हुने सवै अनुदानहरुको सम्वन्धमा पालिका, शिक्षा शाखा एवं विद्यालयले अनुगमन गरी IEMIS को तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरी निकासा दिनुपर्दछ ।

३५ **पाठ्यपुस्तकमा बढी भुक्तानीः**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित आर्थिक बर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.2.4.6.1 मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुको लागी अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थिको यथार्थ तथ्याङ्क संग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा निशुल्क पाठ्यपुस्तकको रकम निकासा गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस बर्ष ३७ विद्यालयलाई निशुल्क पाठ्यपुस्तक वापत रु. ३२,३९,८३४।- निकासा गरेकोमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थिको यथार्थ तथ्याङ्क संग सत्यापन गराएको देखिएन भने IEMIS को तथ्याङ्क र विद्यार्थिको हाजिरी रजिस्टार अनुसारको संख्या फरक परेकोले निकासा भएको रकमको पाठ्यपुस्तक सम्वन्धित विद्यार्थिले उपयोग गरे नगरेको एकिन गर्न सकिएन । पालिकाले पाठ्यपुस्तक निकासा गरेका विद्यालयहरुको नमुना छनौट गरी लेखापरीक्षण गर्दा निम्नानुसारका विद्यालयहरुले पेश गरेको पाठ्यपुस्तक वितरण गरेको भरपाइ भन्दा बढी विद्यार्थिको पाठ्यपुस्तकको रकम भुक्तानी दिएकोले बढी भुक्तानी गरेको रकम सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु.

| **विद्यालयको नाम** | **विद्यार्थी संख्या** | **भुक्तानी हुनुपर्ने रकम** | **भुक्तानी भएको रकम** | **बढी भुक्तानी रकम** |
|---|---|---|---|---|
| श्री जगदिश मा.वि. ऐराडी | ३६८ | २५२६०९ | २७४८९३ | २२२८५ |
| श्री भगवती मा.वि. काँसीकाँध | ४५३ | २८३०२३ | ३११५६८ | २८५४५ |
| श्री गैडावाज मा.वि. गैडावाज | ३८० | २५६४९३ | २७८७९३ | २२३०० |
| श्री मालिका मा.वि. बाँसी | ४८० | २९८३९९ | ३१०३५६ | ११९५० |
| **जम्मा** | | | | **८५०८०** |

| असुल गर्नुपर्ने | ८५,०८० |
|---|---|

३६ **छात्रवृति बढी भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **९,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३७ **बढी भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार भुक्तानी दिदा रित पुगे नपुगेको एकिन गरि भुक्तानी दिनु पर्दछ । पालिकाले गत वर्षको भुक्तानी दिन बाँकी विवरण प्रमाणित गरी आर.एन.वि. ईलेक्ट्रोनिक्स एण्ड अर्डर

सप्लायर्सलाई विभिन्न सामान खरिद वापत रु. ७७,५५१।- भुक्तानी दिएकोमा जिन्सी दाखिला रु.६१,७३५।- सामान मात्र भएको देखियो। जिन्सी दाखिला भन्दा बढी भुक्तानी दिएकोरु.१५,८१६।- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,८१६ |

३८ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले संघिय सरकारबाट हस्तान्तरीत कार्यक्रमबाट १०४०० थान स्यानिटरी प्याड मुल्य अभिबृद्धि कर समेत रु. १०६७०००/- मा खरिद गरेको छ। IEMIS को तथ्यांक अनुसार पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १२९१ जना रहेका छन्। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्ने व्यवस्था गर्नुका साथै आवश्यकताका आधारमा आवश्यक परिमाण मात्र खरिद गर्नुपर्दछ ।

३९ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँ सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले संघीय शशर्त तर्फ र पालिकाबाट यस बर्स रु. २२,८३,०७५।- को औषधि खरिद गरेको छ ।औषधी खरिद गर्दा खरिद गरिने वा खरिद गरी प्राप्त भएको औषधी कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भए नभएको उल्लेख गर्नुपर्ने, आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड भएको हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई मात्र भण्डारण गर्नुपर्ने, नेपाल सरकारबाट निशुल्क वितरण भनि खुलाएको प्रमाण समावेश हुनुपर्ने, आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको मुचुल्का संलग्न गर्नुपर्ने लगायत व्यवस्था छ । पालिकाले खरिद गरेका औषधीमा batch number र औषधीको date expire हुने अवधी समेत खुल्दैन जस्ले गर्दा गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउदा माग फारामको आधारमा एकमुष्ट घटाउने गरेको लगायत अवस्था देखिएको छ ।तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४० **तालिम कार्यक्रम सञ्चालन**

तालिम, गोष्टी, सेमिनार लागायत कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्सका आधारमा सञ्चालन गर्नुपर्दछ ।पालिकाले उक्त कार्यक्रमहरु सञ्चालन गर्दा अर्थमन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय लगायतले जारी गरेको कार्यक्रम संचालनको नर्म्स अनुसार नभई बजेट अनुसार यातायात खर्च, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुति, संयोजक भत्ता लगायत खर्च निर्धारण गरी कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम खर्च भएको जनाई बिल भरपाई संलग्न गरी पेश्की फछ्र्यौट गर्ने गरेको छ ।कार्यक्रम सञ्चालन पश्चात पेश गरेको बिल भरपाईमा कार्यक्रमको लागत, तालिम कार्य तालिका, तालिमको विषय वस्तु सम्वन्धमा तयार गरेको कार्यपत्र, कार्यक्रमको प्रतिवेदन, खर्चको तेरिज लगायत कार्य पुष्टी हुने तथा खर्च पुष्टी हुने प्रमाण संलग्न गर्ने गरेको छैन । कार्यालयबाट संचालित एक अर्को तालिम कार्यक्रममा समेत खर्च मापदण्ड मिलान नहुने अवस्था देखिंदा कार्यक्रम खर्च मितव्ययी, नियमितता र औचित्यपूर्ण मान्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रम खर्चमा भएको वास्तविकता समेत कार्यालयबाटै पुष्टि हुने गरी खर्चको प्रभावकारीता र यथार्थता यकिन गर्नुपर्ने देखिन्छ ।

४१ **गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम मेड्पा तर्फः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **४५,२६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२ **गत बर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।त्यस्तै पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सुत्रको विवरण अनुसार पालिकाले यस बर्ष बजेटमा समावेश गरी १८ शिर्षक/कार्यक्रमको गत बर्षको भुक्तानी दिन बाँकी रकम रु. ४०,५९,९७१।- यस बर्ष भुक्तानी दिएको देखिन्छ ।पालिकाले बहुबर्षिय खरिद सम्झौता बाहेकको साल वसाली रुपमा सम्झौता भएका कार्यको समेत वजेटमा समावेश गरी यस बर्ष भुक्तानी दिएको छ । पालिकाले बहुवर्षिय ठेक्का सम्झौता बमोजिमको भुक्तानी दिन बाँकी रकम बाहेक अन्य रकम वजेटमा समावेश गरि भुक्तानी दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

४३ **वढि भुक्तानी** (९०-२०८०-१२-२७):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली , २०७७ को नियम ३९(१०) अनुसार भुक्तानी दिदा रित पुगे नपुगेको एकिन गरि भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले मसानघाट प्रतिक्षालय निर्माण कार्यको कार्य सम्पन्न विवरण अनुसार रु. ३,१२,१५७।- भुक्तानी गर्नु पर्नेमा रु. ३,४१,२५०।- भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु. २९,०९३।- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,०९३ |

४४ **उपभोक्ता समितिमार्फत कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ तथा नियमावली, २०६४ को नियम ९७ मा निर्माण कार्य गराउदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा मुल्य अभिवृद्धि कर, ओभर हेड, कन्टेन्जेन्सी र जन सहभागीताको अंश समेतको एक करोड रुपैयाँ सम्मको लागत अनुमान भएको सार्वजनिक निर्माण कार्य सोही स्थानमा वसोवास गर्ने वासिन्दा वा सेवा उपभोग गर्ने समुदाय रहेको उपभोक्ता समिति मार्फत कार्य गराउन सकिने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस बर्ष १०८ वटा उपभोक्ता समिति मार्फत काम गराई रु. ३ करोड ४५ लाख १७ हजार भुक्तानी भएको देखिन्छ । सो मध्ये नमुना छनौट गरी लेखापरिक्षण गर्दा देखिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन

- पालिकाले उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धमा कार्यविधि तयार गरेको देखिएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने उल्लेख भएकोमा पालिकाले हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य समेत उपभोक्ता समित मार्फत गराएको छ ।
- पालिकाले उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यमा प्रयोग गरिने सामाग्रिको गुणस्तर परीक्षण गर्ने गरेको देखिएन जसले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भनी यकिन गर्न सकिएन ।
- योजना कार्यान्वियनको लागि उपभोक्ता समिति र कार्यालय बीच सम्झौता गरेपनि सम्झौतामा उल्लेख भए अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।
- कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वियनको लागि कार्यतालिका लिएको देखिएन ।
- सार्वजनिक परीक्षण गरेको भनी विवरण संलग्न गरे तापनि उक्त परीक्षणमा उपभोक्ताको आमभेला नहुने, उपभोक्ता समितिका सिमित पदाधिकारी मात्र संलग्न हुने गरेको देखियो । अनुगमन समितिले अनुगमन गर्दा देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

- उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य गराएको छैन ।
- उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. स्ट्रक्चर सहितका भवन निर्माण र एक्साभेटर प्रयोग गर्नुपर्ने सडक निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो।

पालिकाले ऐन नियममा भएको व्यवस्थाको पालना गरी उपभोक्ता समितिमार्फत कार्य गराउनुपर्दछ ।

४५ **कार्य स्वीकार प्रतिवेदन** (१५९-२०८१-३-२५):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । पालिका र निर्माण व्यवसायी एच.के.कन्स्ट्रक्सन वीच गोर्ती सामुदायिक स्वास्थ्य चौकिको भवन निर्माण, गाउघर क्लिनिक निर्माण (वडा नं. ३,४ र ६) र गिताचौर सामुदायिक स्वास्थ्य ईकाइ मा स्टोन मेसिनरी वाल निर्माण कार्यको लागि २०८१।३।१५ भित्र रु. १४,५२,३९०।- मा कार्य सम्पन्न गर्ने गरी २०८१।१।२१ मा सम्झौता भएकोमा निर्माण व्यवसायीले पेश गरेको विल बमोजिम रु. १०,६५,७५४।- भुक्तानी गरेकोमा उक्त निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन तयार गरेको देखिएन । निर्माण कार्यको नापी किताव तथा ठेक्का विल बमोजिम खोप क्लिनिकमा पेन्टिङको काम बाँकी रहेको र झ्यालको सटर राखेको नदेखिएकोले सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न नभएकोले पुर्वनिर्धारित क्षतिपुर्ती असुल गरी पालिकाले निर्माण व्यवसायीबाट बाँकी कार्य सम्पन्न गराई कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,६५,७५४ |

४६ **उपभोक्ता समितिलाई बढी भुक्तानी** (२६५-२०८१-३-२३):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार भुक्तानी दिदा रित पुगे नपुगेको एकिन गरि भुक्तानी दिनु पर्दछ। पालिका, हेलभटास र उपभोक्ता समिति विच रु. १,०७,१२,२२४।- लागत अनुमान भएको तल्लो चिप्लेरी खानेपानी तथा सरसफाई योजना निर्माण कार्यको लागि २०८०।६।२४ मा भएको सम्झौतामा पालिकाले रु. २६,८९,६५४।- अर्थात २५.१० प्रतिशत व्यहोर्ने उल्लेख छ । उपभोक्ता समितिले रु. १,०७,१२,२२४।- लागत अनुमान भएको कार्य रु. ९२,५९,८७१।- मा सम्पन्न गरेकोमा पालिकाले कार्य सम्पन्न भएको रकमको २५.१० प्रतिशतले हुने रु. २३,२४,९८८।- भुक्तानी दिनुपर्नेमा रु. २६,९५,१७२।- भुक्तानी दिएकोले वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,७०,१८४ |

४७ **झोलुङ्गे पुल निर्माण** (१५२-२०८१-३-२१):

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **५११,७७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४८ **सम्झौता भन्दा बढी भुक्तानी**

(४५-२०८०-११-८):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई भुक्तानी दिदा उपभोक्ताको अंश कट्टा गर्नुपर्ने उल्लेख छ । गैडावासमा शहिद पार्क निर्माणका लागी कुल लागत अनुमान रु. १०,६१,६२९।- मध्ये उपभोक्ता समितिले रु. १,१६,६२९।- र पालिकाले विपत, कन्टिजेन्सि र मर्मत रकम कट्टी गरी खुद रु. ९,४५,०००।- व्यहोर्ने गरि सम्झौता भएको छ। उपभोक्ता समितिले रु.

१०,१२,८८६।- को कार्य सम्पन्न गरेकोमा पालिकाले रु. ९,७४,७०२।- भुक्तानी दिएको छ । पालिकाले दैवि प्रकोप कोष, मर्मत संभार र कन्टिन्जेन्सी गरी रु. ३६,६४४।- कट्टा गरी रु. ९,३८,२३८।- मात्र भुक्तानी दिनुपर्नेमा रु. ९,७४,७०४।- भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रकम रु. ३६,६४४।- असुल हनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,६४४ |

४९ **आनुपातिक कट्टी** (२६२-२०८१-३-२३):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार भुक्तानी दिदा रित पुगे नपुगेको एकिन गरि भुक्तानी दिनु पर्दछ। पालिकाले डुङ्ग्रि खानेपानी तथा सरसफाई आयोजनाका लागि हेल्भेटासंग साझेदारी कार्यक्रमका लागी कुल लागत अनुमान रु. १,०९,२१,३८२।- मध्ये पालिकाले रु. २५,७६,०६९।- व्यहोर्ने गरि सम्झौता भएको छ । उक्त योजनाको कार्य रु. ८१,२२,९७६।- मा सम्पन्न भएकोमा सम्झौता बमोजिम पालिकाले कार्य सम्पन्न रकमको २३.५९ प्रतिशतले हुने रु. १९,१५,९९८।- भुक्तानी दिनुपर्नेमा रु. २०,३५,७४९।- भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.१,१९,७५१।- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१९,७५१ |

५० **विल भरपाइ भन्दा वढी भुक्तानी** (६५८-२०८१-३-१७):

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **२९,१४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५१ **कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानः** (४७७-२०८१-३-१९):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार लेखा राख्दा विल भरपाई सहित राख्नुपर्ने उल्लेख छ। पालिकाले देहाय अनुसार विद्यालयलाई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान वापत रु. ५,००,०००।- उपलव्ध गराएको छ। उपलव्ध गराएको रकमवाट विद्यालयले के के काम गरे सो को विल भरपाई र कार्यप्रगती श्रेस्तासाथ संलग्न हुनुपर्नेमा संलग्न नभएकोले विल भरपाई र कार्य प्रगति पेश हुनुपर्ने रु.

| क्र.स. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | गैडावाज मा.वि. महावु -४ | ३००००० |
| २ | श्री भैरव मा.वि. रानिवन महावु-६ | २००००० |
| जम्मा | | ५००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

५२ **खरिद अभिलेख तथा व्यवस्थापन**

५२.१ **खरिद कार्यको अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले प्रत्येक खरिद कारवाहीको निम्ती छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम २ बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पुर्वयोग्यताको लागि आह्वान गरिएको सुचना, वोलपत्र आह्वान सम्वन्धी सुचना तथा कागजात, मूल्याङ्कन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सुचनाको प्रतिलिपि असफल वोलपत्रदातालाई पठाएको सुचनाको प्रतिलिपि, खरिद सम्वन्धी प्रकाशित सुचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, ईन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौता संशोधन गरिएको भए सो सम्वन्धि कागजात, मालसमान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले खरिदसंग सम्वन्धित कागजातहरु अलग अलग फाइलमा राखेको देखियो । पालिकाले

नियमावलीमा भएको व्यवस्था बमोजिम प्रत्येक खरिद कार्यको खरिद सम्वन्धी सम्पुर्ण कागजातहरु एउटै फाइलमा पञ्जिका सहित सिलसिलेवर रुपमा राख्नेतर्फ ध्यान दिनुपर्दछ ।

५२.२ **ठेक्का अभिलेखः** महालेखा नियन्त्रक कार्यालयले चालु तथा सम्झौता गरिएका ठेक्काहरुको अभिलेख राख्नको लागि ठेक्का सम्वन्धी गोश्वरा लगत म.ले.प.फा.नं. ५०७ को व्यवस्था गरेको छ र उक्त ढाँचा बमोजिम पालिकाले ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ । ठेक्का सम्वन्धि गोश्वरा लगत म.ले.प.फा.नं. ५०७ मा निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखबाट कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मुल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर पालिकाले उक्त विवरण देखिने गरी ठेक्का सम्वन्धी गोश्वरा लगत म.ले.प.फा.नं. ५०७ राखेको देखिएन । पालिकाले स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५२.३ **नापी किताव तथा नियन्त्रण खाता** : महालेखा नियन्त्रक कार्यालयले निर्माण कार्यको रकम भुक्तानी र निर्माण कार्यको अभिलेखको लागि नापी किताव म.ले.प.फा.नं. ५०३, ठेक्का सम्वन्धी विल म.ले.प.फा.नं. ५०४ र नापी किताव नियत्रण खाता म.ले.प.फा.नं. ५१२ को व्यवस्था गरेको छ । पालिकाले ठेक्का वा अमानत वा अन्य प्रक्रियाबाट सम्पन्न गरिने निर्माण कार्यको के कति काम सम्पन्न भयो र के कति काम हुन बाँकी छ सोको व्यहोरा सम्वन्धित प्राविधिकबाट नापी गरी प्रमाणित गराई म.ले.प.फा.नं. ५०३ बमोजिमको नापी कितावमा अभिलेख राखि सम्पति भौतिक रुपमा नष्ट नभएसम्म सुरक्षित राख्नुपर्ने र सो नापी किताव बमोजिम म.ले.प.फा.नं. ५०४ बमोजिमको ठेक्का सम्वन्धी बिलको रकम भुक्तानी गर्नुपर्नेमा Measurement Sheet उल्लेख गरेको लुज सिटहरु मात्र संलग्न गरी रकम भुक्तानी गरेको देखियो । पालिकाले नापी किताव म.ले.प.फा.नं. ५०३ तयार गरी नापी किताव नियन्त्रण खाता म.ले.प.फा.नं. ५१२ मा सिलसिलेवर नम्वर उल्लेख गरी कार्यालय प्रमुखबाट प्रमाणित गराई अद्याबधिक गर्नुपर्दछ ।

५२.४ **निर्माण सम्वन्धी म.ले.प.फाराम :** महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक निर्माण कार्यको अभिलेखको लागि प्रत्येक कार्य र ठेक्का सम्झौता अनुसार छुट्टा छुट्टै निर्माण कार्यको लागत अनुमान (म.ले.प.फा.नं. ५०१), नापी किताव (म.ले.प.फा.नं. ५०३), ठेक्का सम्वन्धी विल (म.ले.प.फा.नं. ५०४), आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५), ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६), ठेक्का सम्वन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७), भेरिएसन आदेश फाराम (म.ले.प.फा.नं. ५०८), भेरिएसन अभिलेख खाता (म.ले.प.फा.नं. ५०९), डोर हाजिर फाराम (म.ले.प.फा.नं. ५११), नापी किताव नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) र जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) को व्यवस्था गरेको छ । पालिकाले उल्लेखित स्वीकृत म.ले.प.फा.नं. को ढाँचा बमोजिम प्रत्येक खरिद कार्य र ठेक्काको विवरण स्पष्ट देखिने गरी राख्नुपर्नेमा अधिकांश फारामहरुको अद्यावधिक अभिलेख राखेको देखिएन । जसबाट तोकिएको विवरण तोकिएको ढाँचामा प्राप्त नहुने र सो सम्वन्धमा लेखापरीक्षणको क्रममा थप विश्लेषण गर्न नसकिने हुँदा पालिकाले स्वीकृत ढाँचा बमोजिमको म.ले.प.फारामहरु राखि निर्माण कार्यलाई व्यवस्थित वनाउनुपर्दछ ।

५२.५ **डि.एल.पि.अभिलेखः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्‍याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन

तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन । अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

५२.६ **बोलपत्र सम्बन्धी कागजात (स्टेण्डर्ड बिड डकुमेन्ट):** सार्वजनिक खरिद नियमावलीको नियम ३७ मा बोलपत्र सम्बन्धी कागजातमा ऐन, को दफा १३ मा उल्लेखित कुरा बाहेक सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको अन्य कुराहरु हुने तथा नियम २४ मा कुनै खरिद सम्झौता सम्बन्धमा आवश्यक शर्तहरु सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र सम्बन्धी बमोजिम हुने उल्लेख छ । कार्यालय सार्वजनिक निकायले खरिद प्रक्रिया बोलपत्र वा सिलबन्दी दरभाउपत्र मार्फत गर्दा उक्त फारम प्रयोग गरेकोमा जि.सि.सि. बमोजिम एस्.सि.सि. मा अनिवार्य रुपमा तोक्नुपर्ने कार्यतालिका, एजबिल्ट ड्रईङ र विमासम्बन्ध शर्त राखेको देखिएन। यसकारण निर्माण व्यवसायीहरु जि.सि.सि.मा भएको शर्तहरु पुरा गर्न बाध्य भएको देखिएन। तसर्थ पालिकाले बोलपत्रसम्बन्धी कागजात तयारीमा जिम्मेवार हुनुपर्दछ ।

५२.७ **वीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु. १० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्रि प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पुर्ण जोखिम बहन गर्ने गरी वीमा गराउनुपर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष सम्झौता गरेका कतिपय ठेक्कामा वीमाको व्यवस्था भएता पनि विमा गराएको नदेखिएको पालिकाले निर्माण कार्यको वीमा गराएर मात्र खरिद कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५३ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसुची १ मा व्यवस्था रहेको छ ।उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। पालिकाले पुँजिगत खर्चतर्फ प्रत्येक योजना तथा ठेक्कामा ४ प्रतिशतको दरले कन्टिन्जेन्सी रकम छुट्याई खर्च गर्ने गरेको देखिएकोमा कन्टिन्जेन्सी खर्चको अभिलेख राखेको देखिएन । पालिकाले यस वर्ष रू. ११ करोड ३२ लाख ५९ हजार पुँजिगत खर्च गरेकोमा सोको कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेकोले के कती कन्टिन्जेन्सी रकम कुन कुन कार्यमा खर्च भएको हो सो सम्वन्धमा थप विश्लेषण गर्न सकिएन । पालिकाले कन्टिन्जेन्सी खर्चको व्यवस्थित अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्दछ।

५४ **औषधि ढुवानी** (४२९-२०८१-३-२१):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **२,९७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **३,५७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **७,१४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५५ **गैडावाज फागु काशिकाध सडक निर्माण (ठेक्का नं. MRM/NCB/07 /080-81)**

पालिका र निर्माण व्यवसायी भिउस निर्माण सेवा विच मूल्य अभिबृद्धि कर समेत रु. ९७,५८,४९४।- लागत अनुमान भएको सडक निर्माण कार्यको लागि रु. ४०,४३,४५२।- मा २०८१।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी २०८०।९।२४ गते सम्झौता भएकोमा यस बर्ष पहिलो रनिङ विल बमोजिमको रकम रु.२४,६१,१८७।- भुक्तानी भएको फाइलको परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन।

५५.१ **पुर्वनिर्धारित क्षतिपुर्ती** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशत नवढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति दिनुपर्ने व्यवस्था छ । पालिकाले सडक निर्माण कार्यको लागि २०८१।३।१५ गते भित्र रु. ४०,४३,४५२।- मा कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसंग सम्झौता गरेकोमा निर्माण व्यवसायिले समय भित्र कार्य सम्पन्न नगरेको र म्याद थपको लागि निवेदन समेत दिएको नदेखिएकोले पालिकाले सम्झौता रकम रु. ४०,४३,४५२।- को म्याद समाप्त भएको मिति २०८१।३।१५ देखि प्रति दिन ०.०५ प्रतिशतले हुने अधिकतम १० प्रतिशत रकम रु. ४,०४,३४५।- पुर्वनिर्धारित क्षतिपुर्ति असुल गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०४,३४५ |

५५.२ **कार्यसम्पादन जमानत** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(४) मा खरिद सम्झौतामा अन्य व्यवस्था भएकोमा बाहेक उपनियम (१) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीले सडक निर्माण कार्यको लागि कृषि विकास बैंक लिमिटेडको रु. २३,२०,०००।- को २०८२।४।३२ सम्म म्याद थप भएको कार्य सम्पदान जमानत पेश गरेको देखिन्छ । निर्माण व्यवसायीले सम्झौतामा तोकिएको समय भित्र कार्य सम्पन्न नगरेको र म्याद थपको लागि निवेदन समेत दर्ता नगरी लागत अनुमानको तुलनामा ५८.५६ प्रतिशत घटी कवोल गरेको ठेक्का अधुरो छोडेको देखिएकोले पालिकाले निर्माण व्यवसायीले पेश गरेको कार्य सम्पादन जमानत जफत गरी निर्माण कार्य सम्पन्न गराउनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,२०,००० |

५६ **दश शैया महावु अस्पताल निर्माण (ठेक्का नं. MRM/NCB/013 /077-78)**

पालिका र निर्माण व्यवसायी मजदुर न्यौपाने जे.भि. विच अस्पताल निर्माण कार्यको लागि मूल्य अभिबृद्धि कर बाहेक रु. ५,५४,४३,०७९।- मा २०७९।९।३० भित्र कार्य सम्पन्न गर्ने गरी २०७८।३।२५ गते सम्झौता भएकोमा उक्त समय भित्र तोकिएको कार्य सम्पन्न हुन नसकि २ पटक गरी २०८१।३।३० सम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप भएको छ । दोस्रो रनिङ विल सम्म जम्मा रु. २,४५,०८,९७०।- भुक्तानी भएको फाइलको परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन।

५६.१ **पेश्की फस्यौंट :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) मा उपनियम (१) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । त्यस्तै निर्माण व्यवसायीसंग भएको खरिद सम्झौताको SCC Clause No. 57.1 मा प्रत्येक रनिङ विलबाट ४० प्रतिशतको दरले कट्टी गर्नुपर्ने र सम्झौता अबधिको ८० प्रतिशत समय भित्र सबै सबै पेश्की फस्यौंट गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायीलाई दिएको पेश्की मध्ये आर्थिक बर्षको अन्त सम्म फस्यौंट नभई रु. ५२,००,०००।- पेश्की बाँकी रहेको र उक्त पेश्कीको बैंक जमानतको म्याद २०८० चैत्र ३० गते समाप्त भएको देखिन्छ । निर्माण कार्यको सम्झौता बमोजिमको म्यादको ८० प्रतिशत समय समाप्त भइ सकेको र पेश्की जमानतको म्याद समेत समाप्त भइ सकेकोले उक्त बाँकी रहेको पेश्की खरिद सम्झौता बमोजिम फस्यौंट गर्नुपर्ने रु.

| पेश्की | ५२,००,००० |
|---|---|

५६.२ **कार्यसम्पादन जमानत :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(४) मा खरिद सम्झौतामा अन्य व्यवस्था भएकोमा बाहेक उपनियम (१) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । अस्पताल निर्माण कार्यको लागि भएको सम्झौता बमोजिम तोकिएको अबधि २०७९।९।३० मा कार्य सम्पन्न हुन नसकि २०८१।३।३० सम्म म्याद थप भएको र उक्त थप भएको म्याद अनुसार २०८२।४।३० सम्म अबधि भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्नेमा निर्माण व्यवसायीले २०८१।१०।२९ सम्म म्याद रहेको ग्लोवल बैंक लिमिटेडको रु. १,१३,९६,३०५।- को कार्य सम्पादन जमानत पेश गरेको देखिन्छ । अत: पालिकाले थप भएको अबधि समेट्ने गरी कार्य सम्पादन जमानतको म्याद थप गर्नुपर्दछ ।

५७ **लागत अनुमान र सम्झौता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने साथै नर्म्सको प्रयोग गर्दा मितव्ययिता हुन सक्ने अवस्थामा सोको समेत विचार गर्नुपर्ने उल्लेख छ। पालिकाले सडक निर्माण कार्यको लागि लागत अनुमान तयार गर्दा सडक विभागको स्वीकृत नर्म्सको प्रयोग गर्नु पर्नेमा डोलिडारको नर्म्स प्रयोग गरेको देखिन्छ । सडक विभागको नर्म्समा मेसिन द्धारा सवै प्रकारको माटो (All Type of Soil), नरम चट्टान (Soft Rock), मध्यम चट्टान (Medium rock) र कडा चट्टान (Hard Rock) खन्ने कार्यको लागि छुट्टा छुट्टै नर्म्स उल्लेख भएकोमा पालिकाले डोलिडारको नर्म्स प्रयोग गर्नुका साथै माटो खन्ने काम र नरम तथा मध्यम चट्टान खन्ने कामको छुट्टा छुट्टै दर विश्लेषण गरी सो दर विश्लेषणवाट आएको दरको औषत दर लिई लागत अनुमान तयार गरेको देखियो । यसरी पालिकाले ठेक्का सम्झौता गरेका सडक निर्माण कार्यमा सडक खन्ने कामको करिव ८५ प्रतिशत सम्म अंश माटो खन्ने काम भएको र वाँकी अंश मात्र चट्टान खन्ने काम भएको अवस्थामा चट्टान खन्ने काम समेतको दरलाई आधार मानि औषत दर कायम गरी लागत अनुमान तयार गर्दा बढी दर कायम हुन गइ लागत बढ्न गएको देखिन्छ । पालिकाले यस बर्ष सडक निर्माण कार्यको लागि सम्झौता गरेका ठेक्कामा ५७ प्रतिशत देखि ६२ प्रतिशत सम्म घटीमा कवोल गरेको देखिएता पनि सडक निर्माण कार्यको लागि माटो खन्ने र चट्टान खन्ने कामको औषत दर लिई तयार गरेको लागत अनुमान यथार्थपरक छ भन्न सकिने अवस्था देखिएन । पालिकाले स्वीकृत नर्म्सको प्रयोग गरी यथार्थपरक लागत अनुमान तयार गर्नुपर्दछ । यस सम्वन्धी केही उदाहरण निम्नानुसार छन ।

| **ठेक्का नं.** | **ठेक्काको नाम** | **निर्माण व्यवसायीको नाम** | **लागत अनुमान** | **सम्झौता रकम** | **घटी कवोल प्रतिशत** |
|---|---|---|---|---|---|
| MRM/NCB/W/05/2080/81 | कुसिडाँडा सिमलडाँडा सडक निर्माण | ए.वि.महावु कन्स्ट्रक्सन प्रा.लि. | ८८३३६४६ | ३३७००१८ | ६१.८५ |
| MRM/NCB/W/04/2080/81 | २ नं. वडा कार्यालय देखि मान्म सडक | ए.वि.महावु कन्स्ट्रक्सन प्रा.लि. | ९६९९२०० | ४११५९२७ | ५७.५६ |
| MRM/NCB/W/07/2080/81 | गैडावाज फागु काशिकाध सडक | भिउस निर्माण सेवा | ९७५८४९९ | ४०४३४५२ | ५८.५६ |

५८ **ल्याप टप खरिद**

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | ० |
|---|---|

५९ **सोझै खरिद:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ वमोजिम प्रतिस्पर्धा सिमित नहुनेगरि खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.१० लाख सम्मको निर्माण कार्य सोझै खरिद गर्न सकिने तर एक आर्थिक बर्षमा पटक पटक गरी सिमा भन्दा बढी रकमको सोझै खरिद गर्न नसकिने उल्लेख छ ।पालिकाले यस वर्ष एउटै सडक खण्ड अन्तर्गतको सडक निर्माण कार्यको लागि एउटै प्याकेज वनाइ वोलपत्रको माध्यमवाट खरिद कार्य नगरी रु. १० लाख भन्दा कमको लागत अनुमान वनाई निम्नानुसारको फर्मसंग सोझै खरिद गरेको नियम सम्मत नदेखिएको रु

| भौ.न./मिति | निर्माण व्यवसायि | काम | रकम |
|---|---|---|---|
| २२२/०८१/३/१७ | भिउस निर्माण सेवा | कुटीडाडा-सिमलडाडा सडक निर्माण | ९४११२० |
| २३९/०८१/३/१९ | लिमापुल कन्ट्रकस्न एण्ड सप्लायर्स | कुटीडाडा सिमलडाडाठाँटिकाँध सडक निर्माण | ९५३७८० |
| २३५/०८१/३/१९ | महावु कन्ट्रकसन | वलिसर वडोखोला सडक निर्माण | ८९६४५७ |
| २३७/०८१/३/१९ | अनमोल कन्ट्रकसन | वलिसरा वडाखोला मोटरवाटो | ९०४६८० |
| **जम्मा** | | | **३६९६०३७** |

| अनियमित भएको | ३६,९६,०३७ |
|---|---|

६० **कार्य सम्पन्न नभएको** (६६-२०८१-३-२४):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । पालिका र भगवति आधारभुत विद्यालय निर्माण कार्यको उपभोक्ता समिति वीच भवन निर्माण कार्यको लागि रु. २७,५४,७०३।- मा सम्पन्न गर्ने गरी २०८।१०।२८ मा सम्झौता भएको छ। उपभोक्ता समितिले सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न नगरी रु. २२,०६,०७०।- को विल पेश गरेको अवस्थामा पालिकाले कार्य सम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समितिको अंश कट्टी गरी रु. १५,३७,६३१।- भुक्तानी गरेको छ । उपभोक्ता समितिले भवन निर्माण कार्य अन्तर्गत प्लास्टरको काम पुरा नगरेको, सिलिङमा प्लास्टरको काम नगरेको, पेन्टिङको काम नगरेको, झ्यालको सटर नराखेको, आइरन गेटको काम र रेलिङको काम समेत नगरेको अवस्थामा पालिकाले कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.

| प्रमाण पेश नगरेको | १५,३७,६३१ |
|---|---|

६१ **नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन** (२७-२०८०-८-९):

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **२०६,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६२ **सुरक्षित नागरिक आवास कार्यक्रमः**

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ को दफा ३ मा लक्षित वर्गको पहिचानको आधार र दफा ४ मा लाभग्राहीको छनौटको आधार तथा विधिको व्यवस्था गरिएको छ । त्यस्तै दफा ५ मा स्थानीय तहले छनौट भएका लाभग्राहीसँग सम्झौता गरी २ किस्तामा रकम उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ । पालिकाले उक्त व्यवस्थाको पालना नगरी यस वर्ष ३६ जनालाई घरको जस्तापाता खरिदको लागि जम्मा रु. १६,१३,५५४।- भुक्तानी गरेको छ । कार्यविधि बमोजिमको छनौटको आधार पेश नभएबाट वास्तविक लाभग्राहीले उक्त रकम प्राप्त गरेको सम्बन्धमा यकिन गर्न सकिएन । कार्यविधि बमोजिम पालिकाले लाभग्राही सँग सम्झौता बमोजिम निर्माण भएको घरको कार्य सम्पन्न पश्चात प्राविधिकबाट प्रमाणित गराई विवरण अधावधिक बनाई राख्नुपर्दछ ।

६३ **मुख्यमन्त्री रोजगार कार्यक्रमः**

६३.१

कर्णाली प्रदेश मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुसार पालिकामा ६ वटा योजना सञ्चालनमा रु. ८४,०५,७८८।- भुक्तानी गरी १२७ जनाले रोजगारी प्राप्त गरेका छन । सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः

६३.२ **जिन्सी सामग्री**: मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरुमा प्रयोग भएका जिन्सी मालसामानहरु आयोजना समाप्ति पश्चात पालिकामा दाखिला गर्नुपर्दछ । पालिका अन्तर्गत सञ्चालित केहि आयोजनाको परीक्षण गर्दा आयोजनामा प्रयोग भएका जिन्सी सामग्रि पालिकामा दाखिला भएको देखिदैन । तसर्थ आयोजनाको समाप्ति पश्चात प्रयोग भएका जिन्सी मालसामान पालिकामा दाखिला गर्नुपर्दछ ।

६३.३ **आयोजनाको अनुगमनः** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ८ बमोजिम आयोजनाको कम्तिमा दुई पटक अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकामा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमको दुई पटक अनुगमन भएको छैन । कार्यविधिले तोके बमोजिम कम्तिमा दुई पटक अनुगमन गर्नुपर्दछ ।

६३.४ **सार्वजनिक लेखापरीक्षणः** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १४ बमोजिम आयोजना कार्यान्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपुर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको सार्वजनिक लेखापरीक्षण गराएको छैन । कार्यविधिले तोकेका सुचकहरु समावेश गरी सार्वजनिक लेखापरीक्षण गर्नुपर्दछ ।

६४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ तयार गरेको छ।यस कार्यक्रम अन्तर्गत पालिका भित्र ६ वडामा गोरेटो बाटो निर्माण र सडक स्तरोन्नती लगायतका २८ योजना सञ्चालन गरी पालिकामा सुचिकृत भएका कुल वेरोजगार संख्या १६९८ मध्ये यस वर्ष १५९ जनालाई अधिकतम १०० दिन सम्म रोजगारी उपलव्ध गराई रु. ५५,८१,१७२।- खर्च गरेको छ ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन नसकेकोले योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ साथै उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना भएको देखिदैन । यसमा सुधार हुनुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : महावु गाउँपालिका, दैलेख , महाबू गाउँपालिका , दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | उदय राज उपाध्याय | २०७९-४-१९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | खगेन्द्र कुमार बि सि | २०७६-९-३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,०३९,८९७ | २०,२९७,१४५ | ५,६३०,२८५ | ० | ० | ५,२००,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३३,१६७,३२७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,१८७,८३४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३१,९७९,४९३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १८८३०२४३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २७३११९८७०६ | **चालु खर्च** | २६३५६३७५० |
| **प्रदेश सरकारबाट अनुदान** | ४५९४९२०६ | **पूँजीगत खर्च** | ११३२५९५४८ |
| **राजश्व बाँडफाँट** | ७१५५१३१९ | **वित्तीय/अन्य व्यवस्था** | १२८९६९८१४ |
| **आन्तरिक आय** | ६४४५७११.० | | |
| **अन्य आय** | ११२८५३३८७ | | |
| **कुल आय** | ५०९९९८३२९ | **कुल खर्च** | ५०५७९३११२ |
| **बाँकी मौज्दात** | | २३०३५४६० | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा निर्माणाधीन अस्पताल र अन्य निर्माण कार्य समयमै सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।